# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


मिति : २०७९।०७।२८

## प्रेस विज्ञप्ती

आवधिक निर्वाचन लोकतन्त्रका लागि महापर्व मानिन्छ । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको दोस्रो आवधिक आसन्न निर्वाचन २०७९ मंसिर ४ गते हुन गइरहेको छ । यस निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित, शान्तिपुर्ण र लोकहितको लागि राज्यका सवै संयन्त्रहरुले प्रभावकारी रुपमा निर्वाचन सुसम्पन्न गराउन लागि परेका छन् ।

लोकतान्त्रिक प्रक्रिया जति पारदर्शी हुन्छ त्यति नै लोकतन्त्रका आधार-स्तम्भहरु र प्रजातान्त्रिक संस्कृति पूर्णरुपमा कार्य गर्ने हुन्छ । यी सम्पूर्ण लोकतान्त्रिक अवयवहरुलाई समिचिनता प्राप्त गर्न/गराउन नागरिकहरुको भूमिका अहम् र अपरिहार्य हुन्छ । जनधरातलीय विकास र संस्कारलाई प्रस्फुटित गर्न/गराउन आउदो प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचनहरुलाई पूर्ण व्यवस्थित र सुरक्षित गर्नुपर्ने भएको हुनाले, यस परमपवित्र कार्यलाई सुसम्पन्न गराउनको लागि मधेशी आयोगले निर्वाचन पूर्व, निर्वाचन अवधि र त्यसपछि पनि अनुगमन तथा सुपरिवेक्षण गर्ने निर्णय गरेको छ ।

यस कार्यका लागि आयोगका माननीय अध्यक्ष सहित माननीय सदस्यहरुको नेतृत्वमा टोली बनाई विभिन्न प्रदेशहरुमा अनुगमन कार्य भइरहेको छ । साथै, आवश्यक्तानुसार आयोगका कर्मचारीहरु समेत सो कार्यमा सहयोगका लागि अहोरात्र लागि परेका छन् ।

जनताले निर्भिकताका साथ आ-आफ्नो मतको सदुपयोग गर्न पाओस् यहि हो मधेशी आयोगको भावना र शुभकामना ।

यस निर्वाचन कार्यमा सवै संवैधानिक आयोगहरु र सवै सरोकारवालाहरुसँग मधेशी आयोग सहकार्यको लागि सदा सदैव तत्पर र तयार रहेको विनम्रताका साथ अपिल गर्दछ ।

....................

उपसचिव